# बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि,२०७६

**प्रस्तावनाः** नेपालको संविधानको धारा ३९(९) मा असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने संवैधानिक हकको व्यवस्था गरेको छ, बालबालिका सम्बन्धी ऐन,२०७५ माबालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी उनीहरूको सर्वोत्तम हित कायम गर्नेव्यवस्था रहेको छ रबालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा बालबालिका संरक्षणको सबैभन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातावरण सिर्जना गर्नु,बालबालिकाको पालन पोषण तथा हेरचाह गर्न,शिक्षादीक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग प्रदान गर्ने मापदण्ड र संयन्त्र तयारी गरी कार्यान्वयन गरिनेछभन्ने नीति रहेको छ ।

विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका र विपन्न परिवारका बालबालिकाकोपालन पोषण, हेरचाह, शिक्षादीक्षा, उपचारतथा संरक्षण विद्यमान कानून, नीति, योजना रकार्यक्रम अनुसार आर्थिक राहत सहयोग कार्यविध तोकी त्यस्ता बालबालिकालाई आर्थिक राहत सहयोग उपलब्ध गराउनवाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यसकार्यविधिकोनाम **"बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "बालबालिका"भन्नाले अठार वर्ष उमेर पूरा नगरेका (१७ वर्ष ११ महिना २९ दिनसम्मका) व्यक्तिलाई सम्झनु पर्छ ।

(ख) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिम अनाथ प्रमाणित गरिएका र पालन पोषण तथा संरक्षणका लागि कुनै संरक्षक, व्यक्ति वा परिवार जिम्मा नरहेका वा जिम्मा रहेको भएता पनि आर्थिक दृष्टिकोणले विपन्न परिवार, व्यक्ति वा संरक्षकसँग रहेका बालबालिका भन्ने सम्झनु पर्छ ।

(ग) "असहाय बालबालिका" भन्नाले बालबालिकाको पालन पोषण, शिक्षादीक्षा, उपचार तथा संरक्षणको लागि सहयोग तथा सहायता गर्ने एकाघरका उमेर पुगेको कोही व्यक्ति नभएका बालबालिका सम्झनु पर्छ ।

(घ) "अशक्त बालबालिका" भन्नाले गम्भीर शारीरिक वा मानसिक समस्या भएका तथा अपाङ्गता भई प्रचलित कानून बमोजिम 'क' वा 'ख' वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गरेका बालबालिका सम्झनु पर्छ ।

(ङ) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ को उपदफा (१) को खण्ड (क), (ग), (छ), (ज), (झ), (ट) र (ठ) मा उल्लिखित बालबालिका सम्झनु पर्छ ।

(च) "जोखिममा परेका बालबालिका" भन्नाले हराएका, अपहरणमा परेका, वेपत्ता भएका, बेच विखन तथा ओसार पसारमा परेका, हिंसामा परेका, यौन दुर्व्यवहार र शोषणमा परेका, सडकमा जीवन जीउन बाध्य भएका, जोखिमपूर्ण व्यवसाय वा कामबाट उद्धार गरी राहत सहयोगको आवश्यकता भएका बालबालिका सम्झनु पर्छ।

(छ) "विपन्न परिवारका बालबालिका" भन्नाले प्रचलित कानून वा नेपाल सरकारको नीति बमोजिम विपन्न परिवार मानिएका परिवारका बालबालिका सम्झनु पर्छ र सो शब्दले स्थानीय तहको सम्बन्धित

वडा समितिले विपन्न परिवार हो भनी प्रमाणित तथा सिफारिस गरेका परिवारका बालबालिकालाई समेत जनाउँछ ।

(ज) "गम्भीर प्रकृतिको रोगवा घातक रोग"भन्नाले नेपाल सरकारले घातक रोग भनी घोषणा गरेका क्यान्सर, मुटु, मृगौला, हेड इञ्जुरी, स्पाइनल इञ्जुरी,सिकलसेल एनिमिया,पार्किन्सोनिज्म,अल्जाइमर तथा मस्तिष्कघात, पक्षघात, फोक्सो, कलेजो, अप्लस्टिक इनिमिया, थालिसिमिया रोग जस्ता घातक एवम् उपचारका दृष्टिकोणले महंगो हुने रोगहरु सम्झनु पर्छ ।

(झ) "सम्बन्धित वडा समिति"भन्नाले बालबालिका वा बालबालिकाको बुवाआमाको स्थायी बसोबास भएको स्थानीय तहको वडा समिति सम्झनु पर्छ र सो शब्दले बुवा तथा आमा छुट्टिएर अलग बसेका भए जोसँग बालबालिका बस्छन् निजको स्थायी बसोबास रहेको वडा समितिलाई समेत जनाउँछ ।

(ञ) "संरक्षक"भन्नाले प्रचलित कानून बमोजिम संरक्षक नियुक्तिगरिएको वा तोकिएको व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(ट) "मन्त्रालय"भन्नाले नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य, आधारभूत सिद्धान्त र लक्षित बालबालिका

३. उद्देश्य

विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका र विपन्न परिवारका बालबालिकाको संरक्षण पारिवारिक वातावरणमा हुर्काउन सहयोग पुऱ्याउनु तथा आपत्कालीन आर्थिक राहत सहयोग गर्नु ।

४. आधारभूत सिद्धान्त

(क) बाल अधिकारको सम्मान,

(ख) बाल संरक्षण,

(ग) बालबालिकाको सर्वोत्तम हित,

(घ) भेदभाव रहितता ।

५. <u>लक्षित बालबालिका</u>

(क) विशेष संरक्षणको आवश्यकता भएका,

(ख) जोखिममा परेका,

(ग) आर्थिक दृष्टिकोणले विपन्न परिवारका,

(घ) प्राकृतिक तथा मानवीय कारणबाट पीडित तथा प्रभावित,

(ङ) दुर्घटना तथा चोटपटकबाट गम्भीर रूपमा घाइते भएका ।

## परिच्छेद-३

## आर्थिक राहत सहयोगको व्यवस्था,उपलब्ध गराउने आधार,सीमा र सिफारिस

६. **<u>आर्थिक राहत सहयोगको व्यवस्थापन</u>**:प्रत्येक आर्थिक वर्ष विनियोजित स्वीकृत वार्षिक कार्यक्रम तथा अन्य स्रोतबाट प्राप्त रकमबाट आर्थिक राहत सहयोग रकमको व्यवस्थापन गरिनेछ ।

७. **<u>आर्थिकराहत सहयोग उपलब्ध गराउने आधारहरू र सीमा:</u>** यस कार्यविधि बमोजिम लक्षित बालबालिकालाई सामान्यतया एक वर्षमा एक पटक देहाय बमोजिमको आर्थिक राहत सहयोग मध्ये कुनै एक आर्थिक राहत सहयोग देहायको आधार र सीमा बमोजिम उपलब्ध गराइने छः-

(क) गम्भीर प्रकृतिको रोगवा घातक रोग,दुर्घटना तथा चोटपटकबाट गम्भीर रूपमा घाइते भएका, गम्भीर शारीरिक वा मानसिक समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिकाको उपचार सहयोग पच्चीस हजार रुपैयाँसम्म।

(ख) अनाथ/असहाय/अशक्त बालबालिका वा बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिकाको पालन पोषण, हेरचाह, शिक्षादीक्षा तथा संरक्षण सहयोग दश हजार रुपैयाँसम्म।

(ग) जोखिममा परेका वा प्राकृतिक तथा मानवीय कारणले सिर्जित आपत्कालीन बाल संरक्षण सहयोग सात हजार रुपैयाँसम्म ।

(घ) विपन्न परिवारका बालबालिकाका लागि लत्ता कपडा, विद्यालय पोशाक, झोला तथा शैक्षिक सामग्री वा सामान्य उपचार सहयोग पाँच हजार रुपैयाँसम्म।

(ङ) घर परिवार पुनर्मिलन तथा पुनर्स्थापना खर्च पाँच हजार रुपैयाँसम्म ।

८. **<u>सिफारिस-पत्र आवश्यक हुने</u>:** यस कार्यविधि बमोजिम देहायको आर्थिक राहत सहयोग उपलब्ध गराउन अनुसूची -१ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको वडा समिति, सरकारी अस्पताल वा सामुदायिक विद्यालयको सिफारिस-पत्र आवश्यक हुनेछः-

(क) गम्भीर प्रकृतिको रोग वा घातक रोग तथा चोटपटक उपचारको लागि सम्बन्धित स्थानीय तहको वडा समितिको निर्णयले त्यस्तो बालबालिका अनाथ वा असहाय वा अशक्त वा विपन्न परिवार भएको र सम्बन्धित सरकारी अस्पतालमा उपचार भइरहेको वा भएको भर्ना पर्चा तथा उपचार चेक जाँचको प्रेस्क्रिप्सन वा त्यस्तो अस्पतालको सिफारिस-पत्र ।

(ख) अनाथ वा असहाय वा अशक्त वा हेरचाह नपाएका बालबालिकाको पालन पोषण, हेरचाह तथा संरक्षणको लागि सम्बन्धित स्थानीय तहको वडा समितिको निर्णयले अनाथ वा असहाय वा अशक्त वा विपन्न परिवारको भएको सिफारिस-पत्र ।

(ग) विपन्न परिवारका बालबालिकाका लागि लत्ता कपडा, विद्यालय पोशाक, झोला तथा शैक्षिक सामग्री वा सामान्य उपचारको लागि सम्बन्धित स्थानीय तहको वडा समितिको निर्णयले अनाथ वा असहाय वा अशक्त वा विपन्न परिवार भएको र सामुदायिक विद्यालयमा अध्ययनरत रहेको विद्यालयको सिफारिस-पत्र तथा उपचारको हकमा स्वास्थ्य संस्थाबाट उपचार भइरहेको वा भएको भर्ना पर्चा वा उपचार चेकजाँचको प्रेस्क्रिप्सन वा त्यस्तो संस्थाको सिफारिस-पत्र ।

(घ) जोखिममा परेका वा प्राकृतिक वा मानवीय कारणले सिर्जित आपत्कालीन बाल संरक्षण सहयोगको लागि सम्बन्धित स्थानीय तहको वडा समितिको निर्णयले त्यस्तो घटना घट्न गएको र परिवार आर्थिक रूपमा विपन्न भएकोले सहयोगको आवश्यकता भएको सिफारिस-पत्र ।

(ङ.) घर परिवार पुनर्मिलन तथा पुनर्स्थापनाको लागि त्यस्तो अवस्था वा आवश्यकता खुलाउने आधार भएको कागजात, निवेदन वा कुनै निकाय वा संस्थाको सिफारिस-पत्र ।

## परिच्छेद-४

## आर्थिक राहत सहयोग प्राप्त गर्न आवश्यक हुने कागजात,कार्यविधिर सिफारिस समिति

९. **निवेदन दिनुपर्ने:**(१) यस कार्यविधि बमोजिमको आर्थिक राहत सहयोग प्राप्त गर्न बालबालिका स्वयम् वा बालबालिकाको बुवा वा आमा वा संरक्षकले अनुसूची -२ बमोजिम केन्द्रीय बाल कल्याण समिति/ राष्ट्रिय बाल अधिकार परिषद्को कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१०. **आवश्यक कागजात संलग्न गर्नुपर्ने:** निवेदनका साथ अनुसूची -३ बमोजिमका सक्कल कागजातको प्रतिलिपि एक/एक प्रति, बालबालिकाको पासपोर्ट साइजको फोटो दुईप्रति, बाबु वा आमा वा संरक्षकको पासपोर्ट साइज फोटो एकप्रति (संरक्षक संस्था भएमा लिखित पत्र)समेत पेश गर्नु पर्नेछ ।

११. **रुजु तथा रुजु सूची:** प्राप्त निवेदन र कागजात सम्बन्धित कर्मचारीले अनुसूची -४ मा भएको रुजु सूची (चेक लिस्ट) बमोजिम रुजु गरी यकिन गरेर मात्र निवदेन दर्ता गर्न लगाउनुपर्नेछ । सक्कल कागजात बमोजिमको प्रतिलिपि भए⁄नभएको चेक जाँच गरीसक्कल कागजात फिर्ता गरी संलग्न कागजात सहितको निवेदन आवश्यक कारबाहीका लागिसिफारिस समितिमा पेश गर्नु पर्नेछ ।

तर सक्कल कागजात नभएको अवस्थामा सम्बन्धित निकायबाट प्रमाणित गरिएको प्रतिको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१२. **सिफारिस समिति:** प्राप्त निवेदनको चेक जाँच गरी आर्थिक राहत सहयोग रकम कार्यकारी निर्देशकलाई सिफारिस गर्न केन्द्रीय बाल कल्याण समिति/ राष्ट्रिय बाल अधिकार परिषद्मा बढीमा तीन सदस्यीय देहाय बमोजिमको एक आर्थिक राहत सहयोग सिफारिस समिति रहनेछः-

(क) प्रशासन तथा योजना शाखा प्रमुख -संयोजक

(ख) सम्बन्धित कार्यक्रम हेर्ने अधिकृतस्तर कर्मचारी -सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

१३. **सिफारिस समितिको काम, कर्तव्य अधिकार:**समितिको अन्य काम, कर्तव्य र अधिकार कार्यकारी निर्देशकले तोके बमोजिम हुनेछ र यस समितिले अनुसूची -५ बमोजिमको ढाँचामा आर्थिक राहत सहयोग सिफारिस गर्नु पर्नेछ ।

१४. **आर्थिक राहत सहयोग रकमको स्वीकृति र भुक्तानी:** आर्थिक राहत सहयोग समितिले कार्यकारी निर्देशक वा कार्यालय प्रमुख समक्ष पेश गरेको सिफारिस रकम स्वीकृति भए बमोजिम निवेदकको बैंक खातामा निकासा खर्च भुक्तानी गरिनेछ ।निवेदकले अनुसूची -६ बमोजिम बैंक खाताको विस्तृत विवरण खुलाउनु पर्नेछ ।

१५. **आर्थिकराहत सहयोग उपलब्ध गराउन नसकिने:**यस कार्यविधि बमोजिमको आर्थिक राहत सहयोगबाल गृहमा रहेका बालबालिकाको लागि त्यस्ता बाल गृहलाई उपलब्ध गराउन सकिने छैन ।

तर कुनै गम्भीर प्रकृतिको रोग वा आकस्मिक चोटपटक लाग्न गएमा बाल गृहको तत्कालीन अवस्थाले उपचार गर्न नसक्ने भई सहयोगको लागि अनुरोध गरेमा आवश्यक जांचबुझ गरी त्यस्तो बालबालिकाको सरकारी अस्पतालमा भएको उपचार खर्चको प्राप्त बील भरपाई अनुसार तोकिएको मापदण्ड सीमाभित्र रही उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

१६. **प्रचलित कानून बमोजिम हुने:**यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

१७. **नमूना हुन सक्ने:**यस कार्यविधिलाई बाल संरक्षणका लागि आर्थिक राहत सहयोग उपलब्ध गराउन प्रदेश सरकार र स्थानीय तहले नमूना कार्यविधिको रूपमा प्रयोग गर्न सक्नेछन् ।

१८. **बाधा अडकाउ फुकाउन सक्ने:** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले फुकाउन सक्नेछ ।

**अनुसूची -१**

**<u>आर्थिक राहत सहयोगको लागि वडा समिति, अस्पताल वा विद्यालयले सिफारिस गर्ने ढाँचा</u>**

मिति २०७.../...

श्री केन्द्रीय बाल कल्याण समिति/राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर ।

**विषयः- आर्थिक राहत सहयोगका लागि सिफारिस गरिएको सम्बन्धमा ।**

.... ..... प्रदेश ...... जिल्लाको... .... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. . ..... स्थायी बसोबास गर्ने श्री .................. र श्री......................... को बालक/बालिका श्री ............................ अनाथ/असहाय/अशक्त/विपन्न परिवारको भएकोले ................. रोगको उपचार भइरहको/भएको/गर्नु पर्ने भएकोले/पालन पोषण, हेरचाह, शिक्षा दीक्षा उपचार, तथा संरक्षणको लागि चालु आ.व.मा यस गा.पा./न.पा./उ.म.न.पा./म.न.पा./अस्पताल/विद्यालयबाट निजलाई रू. ...../आर्थिक सहयोग गरिएको छ/छैन । वडा समिति/अस्पताल/विद्यालयको मिति २०७.../.../... को निर्णयानुसार उल्लिखित कार्य प्रयोजनकाका लागि थप/आर्थिक सहयोगको आवश्यकता हुन गएकोले तहांबाट नियमानुसार आर्थिक राहत सहयोग उपलब्ध गराई दिनुहुन यो सिफारिस गरिएको छ ।

<u>सिफारिस गर्नेको</u>

दस्तखतः

नामः

पदः

**अनुसूची -२**

**<u>निवेदनको ढाँचा</u>**

| बालबालिकाको पासपोर्ट साइजको फोटो |
|---|

मिति २०७..../..../

श्री केन्द्रीय बाल कल्याण समिति/ राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर ।

**विषयः– आर्थिक राहत सहयोग उपलब्ध गरी पाउँ ।**

....प्रदेश ...... जिल्ला ........... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. . ..... स्थायी बसोबास गर्ने श्री .................. र श्री......................... को बालक/बालिका श्री ............................ अनाथ/असहाय/अशक्त/विपन्न परिवारको भएकोले आवश्यक कागजात यसैसाथ संलगन गरी ................. रोगको उपचार भइरहको/भएको/गर्नु पर्ने भएकोले/पालन पोषण, हेरचाह, शिक्षा दीक्षा उपचार, तथा संरक्षणको लागि नियमानुसार आर्थिक राहत सहयोग उपलब्ध गराई दिनुहुन अनुरोध छ । चालु आ.व.मा यस उल्लिखित कार्य प्रयोजनका लागि कुनै निकाय वा संस्थाबाट आर्थिक सहयोग प्रापत गरेको छैन वा ...... निकाय/संस्था/व्यक्तिबाट रू. ..... सहयोग प्राप्त गरेको भए पनि अपुग हुन गएको व्यहोरा जानकारी गराइन्छ ।

निवेदक

दस्तखतः

नामः

ठेगानाः

सम्पर्क नं.

**अनुसूची -३**

**निवेदनसँग संलग्न गर्नुपर्ने कागजातको विवरण**

**आर्थिक राहत सहयोगका लागि अनुसूची -१ बमोजिमकोनिवेदनसंग संलग्न हुनुपर्ने आवश्यक हुनेकागजातहरू निम्न बमोजिम हुनु पर्नेछ-**

१. बालबालिकाको पासपोर्ट साइजको दुई प्रति फोटो (एक प्रति निवेदनमा टाँस गरिएको समेत), सम्पर्क नं. र दस्तखत सहितको लिखित निवेदन, जसमा आर्थिक राहत सहयोग पाउने आधार तथा कारणहरु स्पष्ट खुलाएको हुनुपर्ने ।

२. बालबालिका स्वयम् वा बाबु वा आमा वा अभिभावक/संरक्षकको नाममा खोलिएको बैंक खाताको पूर्ण लिखित विवरण ।

३. अन्य सरकारी निकाय, संस्था वा व्यक्तिबाट त्यस्तो सहयोग रकम प्राप्त गरेको भए सो सम्बन्धी जानकारी र अपुग भएको अवस्थाको विवरण ।

४. देहायका सक्कल कागजातको एक/एक प्रतिलिपि उपलब्ध गराउनु पर्नेछः-

४.१. बालबालिकाको जन्म दर्ता प्रमाणपत्र वा नागरिकता प्रमाण-पत्र,

४.२. निवेदन दर्ता भएको दिनमा बढीमा छ महिना पूरा नभएको सम्बन्धित विषय खुलाएर सम्बन्धित वडा समितिबाट गरिएको सिफारिस-पत्र,

४.३. सम्बन्धित अन्य कुनै सरकारी निकाय वा संस्थाबाट सिफारिस गरिएको भए सो पत्र,

४.४. बालबालिकाको बाबु वा आमा वा निवेदक वा संरक्षकको नागरिकताको प्रमाण-पत्र (संस्था संरक्षक भएको भए संस्थाको पत्र),

४.५. अपाङ्गताको हकमा अपाङ्गता परिचय-पत्र,

४.६ संलग्न कागजातबाट नाता खुल्न नगएमा सम्बन्धित वडा समितिबाट जारी गरिएको नाता प्रमाणित-पत्र,

४.७. स्वास्थ्य उपचारको हकमा निवेदन दर्ता भएको दिनमा बढीमा छ महिना पूरा नभएको सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थामा भर्ना गरिएको पर्चा-पत्र तथा रोगको प्रेस्क्रिप्सन-पत्र वा सिफारिस-पत्र,

४.८ सामुदायिक विद्यालयमा अध्ययनरत रहेको विद्यालयको सिफारिस-पत्र ।

४.९ बुबाआमा वा बुबा वा आमाको मृत्यू भएको भए मृत्यू दर्ता प्रमाण-पत्र ।

**अनुसूची -४**

**रुजु सूची (चेक लिस्ट)**

| क्र.सं. | रूजु सूची | छ (✓) | छैन (✓) | कैफियत |
|---|---|---|---|---|
| १ | बालबालिकाको फोटो टांस गरी समिति वा कार्यालय प्रमुखलाई सम्वोधन गरिएको दस्तखत भएको लिखित निवेदन । | | | |
| २ | निवेदनमा आर्थिक राहत सहयोग सम्बन्धी विषय र आधार स्पष्ट खुलेको विवरण । | | | |
| ३ | बालबालिकाको पासपोर्ट साइजको थप अर्को एक प्रति फोटो, निवेदक वा बालबालिकाको बाबु वा आमा वा संरक्षकको एक प्रति फोटो (संस्था संरक्षक भएमा पत्र) । | | | |
| ४ | बालबालिकाको नाम वा बाबु वा आमा वा संरक्षक वा निवेदकको नाममा खोलेको बैंक खाता सम्बन्धी पूर्ण लिखित विवरण। | | | |
| | बालबालिकाको नाममा खोलिएको बैंक खाता बाहेक बाबु वा आमा वा संरक्षकको बैंक खाता पेश गरिएको भए निजको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा अन्य सरकारी कार्यालयले जारी गरेको परिचय पत्रको प्रतिलिपि तथा संस्था संरक्षक भए संस्थाको बैंक खाताको विवरण। | | | |
| ५ | बालबालिकाको जन्म दर्ता प्रमाण-पत्र वा नागरिकता प्रमाण-पत्रको प्रतिलिपि । | | | |
| ६ | बुबाआमा वा बुबा वा आमाको मृत्यू भएको भए मृत्यू दर्ता प्रमाण-पत्रको प्रतिलिपि | | | |
| ७ | बालबालिकाको बाबु वा आमा वा संरक्षक जसले निवेदन दिएको छ निजको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि (बैंक खाता र निवेदन दिने व्यक्ति एउटै भएमा एउटै प्रतिलिपि भए हुने) । | | | |
| ८ | अनाथ/असहाय/अशक्त वा आर्थिक दृष्टिकोणले विपन्न परिवारको बालबालिकाको हकमा सम्बन्धित स्थानीय तह वा वडा समितिले विपन्न परिवारको बालबालिका भएको सिफारिस गरेको पत्र वा प्रतिलिपि (जारी भएको मितिदेखि निवेदन दर्ता भएको दिनसम्म छ महिना पूरा नभएको वा नेपाल सरकारबाट जारी गरिएको गरीब परिचय-पत्र) । | | | |
| ९ | गम्भीर तथा कडा रोग वा चोटपटकको उपचार वा सामान्य उपचारको हकमा सरकारी अस्पतालको भर्ना पर्चा तथा प्रेस्क्रिप्सनको प्रतिलिपि | | | |

| | | | | |
|---|---|---|---|---|
| | (उपचार गरिएको अन्तिम मितिदेखि निवेदन दर्ता भएको दिनसम्म छ महिना पूरा नभएको र प्रेस्क्रिप्सन तथा निरन्तर उपचार भइरहेको देखिएको) | | | |
| | अस्पताल वा रोग जांच गर्ने चिकित्सकले रोगको नाम सहित उपचार गर्नुपर्ने विवरण खुलाई सिफारिस गरेको पत्रको प्रतिलिपि । | | | |
| १० | अपाङ्गताको हकमा अपाङ्गता परिचय-पत्रको प्रतिलिपि (बालबालिका भए बालबालिकाको र बालबालिकाको बाबुआमा वा बाबु वा आमा भए निजहरुको) । | | | |
| ११ | कुनै अन्य सरकारी वा गैरसरकारी निकाय वा संस्थाले आर्थिक सहयोग वा अन्य सहयोग गरेको भए सो विवरण खुलाइएको जानकारी पत्र । | | | |
| १२ | संलग्न कागजातबाट नाता खुल्न नसक्ने अवस्थामा वडा समितिले प्रमाणित गरेको नाता प्रमाणित-पत्रको प्रतिलिपि । | | | |
| १३ | उल्लिखित बाहेक अन्य निकाय वा संघ संस्थाको सिफारिस-पत्र भए सोको प्रतिलिपि (सिफारिस गरेको मितिदेखि निवेदन दर्ता भएको दिनसम्म छ महिना पूरा नभएको) । | | | |
| १४ | सामुदायिक विद्यालयमा अध्ययनरत रहेको सिफारिस -पत्र | | | |
| १५ | बुबाआमा वा बुबा वा आमा वेपत्ता भएको भए वडा समितिको जनप्रतिनिधि सहित कम्तीमा ५ जना स्थानीय बासिन्दा वा छिमेकी साक्षी रहेको सर्जमिन मुचुल्का । | | | |
| १६ | विस्थापित परिवारको भए सो खुल्ने कागजातको प्रतिलिपि | | | |
| १७ | आवश्यक अन्य कागजात वा पत्र | | | |

**अनुसूची-५**

**आर्थिक राहत सहयोग रकम सिफारिसढाँचा**

| क्र. सं. | आर्थिक राहत सहयोग पाउने बालबालिकाको | | | | निवेदकको नाम र ठेगाना | सहयोगको प्रकार र सीमा रु. | सिफारिस गरिएकोरकम रु. |
|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | उमेर | लिङ्ग | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| | जम्मा | | | | | | |

**सिफारिस गर्ने आर्थिक राहत सहयोग समितिको**

| | | |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नामः |
| पदः सदस्य | पदः सदस्य | पदः संयोजक |

मितिः २०७.../ /

**अनुसूची -६**

**<u>बैंकको खाता सम्बन्धी विवरण</u>**

१. बैंकको नामः

२. बैंक खाता नं.

३. बैंक खाताको किसिमः

४. बैंक खाता रहेको शाखाको ठेगानाः

५. खातावालाको नामः (बालबालिका, बाबु वा आमा वा संरक्षकको पूरा नाम दुबै नेपाली र अंग्रेजी भाषामा)

नेपालीमाः ... .... .... ...

अंग्रेजीमाः .... .... .... ...

उल्लिखित बैंक खाता सम्बन्धी विवरण ठीक छ भनी सही गर्नेः

निवेदकको नामः